नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु. १.५/०७४/०७५

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः २०७५।०३।११

नेपाल सरकार गृह मन्त्रालय

विषयः- राजमार्ग(सडक) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि सम्बन्धमा ।

श्री नेपाली सेना जंगी अड्डा, भद्रकाली।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल ।

श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हल्चोक ।

श्री राष्ट्रिय अनुसन्धान विभाग, बरफवाग ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कारवाहीको कार्यविधि (माननीय गृहमन्त्रीज्यू स्तरबाट मिति २०७५/०३/११ मा स्वीकृत) आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७५/०३/१२

(कैलाश मातछे श्रेष्ठ)

शाखा अधिकृत

# राजमार्ग(सडक) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि

२०७५

प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय, काठमाडौं

## विषय सूची


| विषय | पेज नं |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. विद्यमान कानुनी व्यवस्था | १ |
| ३. राजमार्गमा विद्यमान समस्या तथा खतराहरु | २ |
| ४. कार्यविधिको अवधारणा | २ |
| ५. कार्यविधिका उद्देश्यहरु | ३ |
| ६. रणनीतिहरु | ३ |
| ७. समन्वय समितिको गठन | ३ |
| ८. समन्वय समितिको काम कर्तव्य र अधिकार | ४ |
| ९. सडक अवरोध खुलाउने कार्यान्वयनका चरणहरु | ५ |
| १०. निकायगत जिम्मेवारी | ६ |
| क. प्रमुख जिल्ला अधिकारी | ६ |
| ख. नेपाली सेना | ७ |
| ग. नेपाल प्रहरी | ७ |
| घ. सशस्त्र प्रहरी बल | ७ |
| ङ. राष्ट्रिय अनुसन्धान विभाग | १० |
| अनुसूची | |
| अनुसूची १ सम्भाव्य औजार उपकरणहरुको सूची | ११ |

## राजमार्ग (सडक)मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कारबाहीको कार्यविधि २०७५

### १. पृष्ठभूमि

मुलुकको आर्थिक विकासका निम्ति स्थल यातायातको महत्वपूर्ण भूमिका रहन्छ । राष्ट्रको समृद्धि एवं जनताको दैनिक जीवनयापनसँग जोडिएको सडक यातायात बिना रोकतोक निर्बाध रुपमा सञ्चालनमा ल्याउनु सरकारको अनिवार्य दायित्व भित्र पर्दछ । मानवजन्य कृयाकलाप तथा प्राकृतिक प्रकोपबाट सडक तथा राजमार्ग क्षेत्रमा सृजित विविध प्रकारका अवरोधहरुले आमनागरिकलाई सुरक्षित तवरबाट आवागमन गर्न जोखिम पैदा हुनका साथै मुलुकको आर्थिक तथा सामाजिक विकासमा समेत ठूलो क्षति पुग्न जान्छ । राष्ट्रको मेरुदण्ड एवं जीवनमार्ग (Life Line) को रुपमा रहेको सडक यातायातलाई अवरोध रहित ढंगबाट सञ्चालनमा ल्याउने अवस्था सुनिश्चित गर्न गृह प्रशासन सुधार कार्य योजना २०७४ को नीतिगत तथा कानुनी सुधार महलको बुँदा नं १३ मा "राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि तयार गर्ने" भनी उल्लेख भए बमोजिम आगामी दिनमा कुनै कारणबाट राजमार्गमा अवरोध हुन गएमा यस्ता अवरोधलाई तत्काल हटाई जनजीवनलाई सामान्य तुल्याई राख्न सवै सुरक्षा निकाय एवं सरोकारवालाहरुको एकीकृत परिचालन तथा समन्वयलाई थप प्रभावकारी बनाउन यो कार्यविधि तयार गरी लागू गर्न आवश्यक भएको,

### २. प्रचलित कानूनी व्यवस्थाहरु

***क.आवश्यक सेवा संचालन ऐन २०१४***

आवश्यक सेवा भन्नाले जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरु ओसार पसार गर्ने यातायात सेवा । त्यस्ता अत्यावश्यक सेवाहरुमा हड्ताल गर्न निषेध गरिएको र त्यस्को कार्य गर्नेलाई ६ महिनासम्म कैद वा रु २००।– जरिवाना वा दुवै हुने व्यवस्था भएको ।

***ख. आवश्यक वस्तु संरक्षण ऐन २०१२***

आवश्यक वस्तु भन्नाले राजमार्ग मूलबाटो पूल समेतलाई जनाउने ।

***ग. स्थानीय प्रशासन ऐन २०२८***

शान्ति सुरक्षा कायम गर्न प्रमुख जिल्ला अधिकारीले कुनै पनि हिंसांत्मक गतिविधि हुने वा हुलदंगा हुने आशंका लागेमा उक्त कार्यलाई रोक्नको लागि ऐनद्वारा निर्देशित कार्य गर्नसक्ने । प्रत्येक जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने काममा सहयोग पुऱ्याउन देहायको एक समिति रहने व्यवस्था रहेको ।

| | | |
|---|---|---|
| क. | प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) | अध्यक्ष |
| ख | नेपाली सेनाका स्थानीय प्रमुख | सदस्य |
| ग. | नेपाल प्रहरीका प्रमुख | सदस्य |
| घ. | सशस्त्र प्रहरी बल नेपालका स्थानीय प्रमुख | सदस्य |

ङ. राष्ट्रिय अनुसन्धान विभागका स्थानीय प्रमुख सदस्य

च. सहायक प्रमुख जिल्ला अधिकारी सदस्य सचिव ............ ।

*घ.सडक ऐन २०३१*

३.क. तोकिएको फासला भित्र भवन आदि बनाउन निषेध गर्न सकिने ।

दफा १८. सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने माल बस्तु हटाउने अधिकार ।

दफा १९. स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम कार्य गर्न नहुने ।

## ३. राजमार्गमा विद्यमान समस्या तथा खतराहरु

- विभिन्न समूहहरु बाट आफ्ना मागहरु पुरा गर्न दवाव स्वरुप गरिने सडक अवरोधहरु, बन्द, हड्ताल,चक्काजाम ।
- चोरी, डकैती, लुटपाट, चन्दा असुली, यात्रुहरुको अपहरण तथा धम्की ।
- यात्रु वाहक वसमा आगजनी, तोडफोड, बम विष्फोटन, हानेर भाग्ने (Hit and Run)
- सवारी दुर्घटना ।
- प्राकृतिक प्रकोप (भुकम्प,वाढी,पहिरो आदि) वाट हुने अवरोध ।
- सीमा नाका तथा सीमा क्षेत्रमा हुने सीमावर्ती अपराध (जस्तै लुटपाट, लठ्ठीने औषधी खुवाउने, अन्य अभद्र व्यवहार) बाट हुने अवरोध ।
- राजमार्ग अवरोध हुने गरी सडक नजिक निर्माण सामग्री भण्डारण गर्ने वा विग्रे भत्केको सामग्रीको समयमा व्यवस्थापन नगर्दा हुने अवरोध ।
- विकास निर्माणका कार्यबाट हुने अवरोध/ समयमा निर्माण कार्य सम्पन्न नभएबाट हुने अवरोध ।
- अव्यवस्थित पार्किङ र ट्राफिक नियमको उल्लंघनबाट सृजित अवरोधजन्य परिस्थिति ।
- पशु चौपाया, बाल बच्चाहरु सडकमा छाडी हुनसक्ने दुर्घटनाको दौरान हुने अवरोध ।

## ४. अवरोध भएको सडक खुलाउने कार्यविधि (Standard Operating Procedure) सम्बन्धी अवधारणा

- मानव अधिकार, नागरिक सुरक्षा र राष्ट्रिय सम्पत्तिको सुरक्षालाई प्राथमिकता दिने ।
- विकासको जग सुरक्षा अवधारणा आत्मसात गर्न सुरक्षा निकायहरुको परिचालन गर्ने ।
- सडक अवरोध भएमा आसपासका क्षेत्रमा सवै सुरक्षा निकायहरुको एकीकृत रुपमा परिचालन गर्ने ।
- सबै सुरक्षा निकायहरुको स्पष्ट रुपमा जिम्मेवारी किटानी गरी दोहोरोपन हुन नदिने ।
- परिचालित हुने सुरक्षा निकायहरु बीच बन्दोवस्तीका समस्या आपसी समन्वय गरी समाधान गर्ने ।
- परिचालित सुरक्षाकर्मीले मानव अधिकारको पूर्ण रुपमा परिपालना गर्ने ।

- राजमार्ग अवरोध तत्काल हटाउन आवश्यकता अनुसार स्थानीय तह, स्थानीय प्रशासन, नागरिक तथा अन्य सरोकारवालाहरुको समन्वयात्मक प्रयासलाई सुनिश्चित गर्ने ।
- अवरुद्ध सडक बढीमा १० मिनेटमा खुल्ने सुनिश्चितता गर्न एकीकृत र समन्वयात्मकरुपमा परिचालित हुने ।

५. **कार्यविधिका उदेश्यहरु**

(क) राजमार्गमा सवारी साधनहरुको आवागमनलाई सुचारु गर्ने ।

(ख) शान्ति सुरक्षा कायम राखी दैनिक जीवन सहज बनाउने ।

(ग) अति आवश्यक वस्तुहरुको आपूर्ति नियमित गर्ने ।

(घ) अति विशिष्ट व्यक्ति, महत्वपूर्ण संरचना तथा सरकारी कार्यालयहरुको सुरक्षा व्यवस्था भरपर्दो र विश्वसनीय बनाउने ।

(ङ) राजमार्ग अवरोध भएका आसपासका क्षेत्रहरुमा ध्वंसात्मक गतिविधि नियन्त्रण गरी जनधनको क्षति हुनबाट जोगाउने ।

(च) राजमार्ग अवरोधमा संलग्न व्यक्ति तथा समूहलाई नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गरी शान्ति र सुव्यवस्था कायम गर्ने ।

(छ) अन्तरनिकाय समन्वय कायम गर्ने ।

६. **रणनीतिहरु**

(क) राजमार्ग गस्ती तथा अनुगमन

- राजमार्ग सुरक्षापोष्ट तथा पिकेटिङ्गको व्यवस्था/नियमित तथा आकस्मिक चेक प्वाईन्टहरु
- खवर संकलन/ सम्पर्क एवं समन्वय तथा प्रचार प्रसार

(ख) आकस्मिक उद्धार टोलीको व्यवस्था (Immediate Response Team / Quick ResponseTeam को व्यवस्था)

(ग) राजमार्ग रेखाङ्कन तथा संरक्षण (Right-way Clearance and Protection)

- सडक रेखाङ्कन वा नक्सांकन गराई अतिक्रमित संरचनाहरु हटाउने
- पार्किङ व्यवस्थापन गर्ने ।
- सडकमा पशु चौपाया तथा बालबच्चा छाड्न निषेध/निरुत्साहित गर्ने ।
- जुलुस तथा भीडलाई तत्काल व्यवस्थापन वा हटाई सडक खुला राख्ने

(घ) स्पष्ट तथा परिभाषित निकायगत जिम्मेवारीको व्यवस्था

(ङ) कार्ययोजना निर्माण तथा कार्यान्वयन (अल्पकालीन, मध्यकालीन र दीर्घकालीन )

(च) अनुगमन मूल्याङ्कन एवं निरन्तर सुधार

७. **समितिको गठन**

स्थानीय तह, अन्य विषयगत कार्यालयहरु र सरोकारवाला निकायहरु समेतको सहभागितामा काममा हुने दोहोरोपन हटाई सीमित स्रोत साधनको प्रभावकारी उपयोग गरी राजमार्गलाई निरन्तर सञ्चालन गर्ने कार्यमा सहयोग पु-याउन जिल्ला तहमा र आवश्यकता अनुसार कुनै निश्चित ईलाका वा क्षेत्रमा समेत सवै सुरक्षा निकायहरुको सहयोग, परिचालन र प्रयासहरुको समन्वय गर्न तथा अवरुद्ध सडक तत्काल खुलाई जनजीवन सामान्य बनाई राख्न "राजमार्ग अवरोध हटाउने जिल्ला /ईलाका/समन्वय समिति" नामको एक समिति गठन हुनेछ।

प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्लास्तरीय समन्वय समिति रहनेछ र आवश्यकता अनुसार कुनै राजमार्ग ईलाका वा क्षेत्र तोकी संयोजकले यसै प्रयोजनकालागि अन्य ईलाका स्तरीय समन्वय समिति गठन गर्न सक्नेछः

| | |
|---|---|
| संयोजक | प्रमुख जिल्ला अधिकारी |
| सदस्य | नेपाली सेनाको स्थानीय प्रमुख |
| सदस्य | नेपाल प्रहरीको स्थानीय प्रमुख |
| सदस्य | सशस्त्र प्रहरी बल नेपालको स्थानीय प्रमुख |
| सदस्य | रा अ वि को स्थानीय प्रमुख |
| सदस्य | स्थानीय तहको प्रशासकीय अधिकृत |
| सदस्य | यातायात कार्यालयको प्रमुख |
| सदस्य | सडक विभागको स्थानीय कार्यालय प्रमुख वा अधिकृत स्तरको कर्मचारी |
| सदस्य | ट्राफिक कार्यालयको प्रमुख |
| सदस्य | प्रचलित कानून बमोजिम दर्ता भएका यातायात व्यवसायीहरु मध्येबाट संयोजकले तोकेको एक जना |
| सदस्य सचिव | सहायक प्रमुख जिल्ला अधिकारी वा संयोजकले तोकेको अधिकृत |

८. **समितिको काम कर्तव्य तथा अधिकारः**

समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ

क. आफ्नो ईलाका वा क्षेत्र भित्र रहेका सडकको विवरण, वैकल्पिक सडकको विवरण अध्यावधिक गरी राख्ने

ख. सडकलाई चालू अवस्थामा राख्न मर्मत सम्भार गर्नु गराउनु पर्ने वा अन्य कुनै अवरोध रहेको भए सो को विवरण तयार गरी सम्वन्धित निकायहरुसँग समन्वय गर्ने।

ग. विपदजन्य कुनै घटना वा परिस्थितिमा तयारी अवस्थामा सवैको भूमिका र कार्यहरु निर्देशित गर्ने।

घ. अवरोध भएको सडक खुलाउन आवश्यक पर्ने औजार, उपकरणहरु, जनशक्ति तथा अन्य स्रोतको आँकलन गरी सो को विवरण तयार गरी तत्काल परिचालन गर्ने अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

ङ. सडकलाई निरन्तर चालू अवस्थामा सन्चालन गर्न समन्वयात्मकरुपमा परिचालन हुने गरी आवश्यक नीति तथा कार्य योजना निर्माण गर्ने तथा कार्यान्वयन गराउने ।

च. सडकको अधिकार क्षेत्रको नक्साङ्कन तथा रेखाङ्कन गराई सो क्षेत्र भित्र कुनै निर्मित संरचना वा अवरोध भए हटाउन आवश्यक कार्य योजना निर्माण गरी स्थानीय सरकारसँग समन्वय गरी कार्यान्वयन गर्ने गराउने ।

छ. सडक प्रयोग तथा ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रमहरु सन्चालन गर्ने गराउने । समितिको संयोजकले आवश्यक देखेमा अन्य सम्बन्धित व्यक्तिहरु समितिमा आमन्त्रण गर्न सक्नेछ ।

**समितिको बैठक सम्बन्धी कार्यविधि:**

(१) समितिको बैठक मासिकरुपमा कम्तिमा १ पटक तथा आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

९. **सडक अवरोध खुलाउने कार्यान्वयनका चरणहरु:**

१. सडक अवरोध भएमा स्थानीय प्रशासन (प्र.जि.अ.) समक्ष तत्काल प्रतिवेदन गर्ने ।

२. राजमार्ग अवरोध हटाउन आवश्यक पर्ने साधन श्रोतहरुको व्यवस्था गर्ने ।

३. सडक अवरोध भएमा ट्राफिक प्रहरी समेत परिचालन गरी डाइभर्सनको व्यवस्था र सवारी साधनहरुको क्षति हुनसक्ने भए उक्त स्थानबाट सुरक्षित स्थानमा राख्ने व्यवस्था मिलाउने ।

४. सडक अवरोधमा संलग्न समूहका मुख्य व्यक्ति लगायत उपस्थित सम्पुर्ण व्यक्तिहरुले सुन्ने गरी स्पष्ट बुझ्ने भाषामा बाटो अवरोध गर्ने कार्य गैर कानूनी हो, सो मा नलाग्न आग्रह गरी माईकिङ गर्ने व्यवस्था गर्ने ।

५. सडक अवरोध भएमा स्थानीय प्रहरी प्रमुखले भीड नियन्त्रण पोशाकमा तत्काल प्रहरी परिचालन गर्ने ।

६. सडक खुलाउन परिचालन हुने प्रहरी कर्मचारी हरुलाई सिनियर प्रहरी अधिकृतले अनिवार्य रुपमा Briefing गर्ने ।

७. माईकिङ गर्दा पनि तत्काल बाटो अवरोध नहटे पुनः माईकिङ गरी प्रहरी कारवाही गर्न लागेको जानकारी गराउनु पर्ने छ । कारवाही गर्नु अघि अशक्त, बालबालिका, महिला तथा वृद्धाहरुलाई स्पष्ट रुपमा पछि हट्न आग्रह गर्नुपर्ने ।

८. आग्रह गर्दा समेत अवरोध नहटेमा कम भन्दा कम क्षति पुग्ने गरी प्रहरीले आवश्यक कारवाही गरी अवरोध हटाउनु पर्ने र यसरी कारवाही गर्दा प्रमुख जिल्ला अधिकारीले स्थानीय प्रशासन, ऐन

२०२८ र अति आवश्यक वस्तु संरक्षण ऐन, २०१४ बमोजिमको ऐनले दिएको अधिकार प्रयोग गर्ने गरी सुरक्षाकर्मीलाई निर्देशन दिनुपर्ने ।

९. प्रहरीले आवश्यक कारवाही गरी बाटो सुचारु गरे पश्चात कारवाहीका क्रममा कुनै घटना भए सो को आवश्यक कागजात तयार गर्नुपर्ने ।

१०. अराजक गतिविधीमा संलग्न व्यक्ति वा समूहलाई नियन्त्रणमा लिइ कानूनी कारवाही गर्ने ।

११. कुनै घटना घटेमा सो सम्बन्धी विवरण सम्बन्धित तालुक निकायहरुमा तत्काल जानकारी गराउने ।

१२. स्थिति सामान्य भए पश्चात पनि उक्त स्थानमा पुनः बाटो अवरोधका गतिविधि हुनसक्ने हुँदा सुरक्षाकर्मीबाट निरन्तर निगरानी गरी राख्ने ।

## ७. निकायगत जिम्मेवारीः

### (क) प्रमुख जिल्ला अधिकारीः

१. तत्काल सुरक्षा निकायहरु तथा स्थानीय तहका पदाधिकारीहरुसँग समन्वय गरी आवश्यक र उपयुक्त रणनीति अख्तियार गर्ने ।

२. सम्वद्द पक्षहरुसँग सम्वादको प्रकृया आरम्भ गर्ने ।

३. अवरुद्द सडक सम्वन्धी काम कारवाहीलाई सहजीकरण र समन्वय गर्न एकजना अधिकृतस्तरको कर्मचारीलाई जिम्मेवारी तोक्ने ।

४. अवस्थाको निरन्तर मूल्याङ्कन गरी नियमित तालुक निकायमा प्रतिवेदन गरी निर्देशन लिने र सो अनुसार कार्यान्वयन गर्ने गराउने ।

५. उद्दार कार्य वा अन्य अवरोध हटाउन आवश्यक सामग्रीहरु, औजार, उपकरण, र जनशक्ति तयारी अवस्थामा रहे नरहेको समय समयमा एकिन गर्ने गराउने र यस प्रकृतिका साधनस्रोतको व्यवस्थापन आवश्यक समन्वय गरी उपलव्ध हुने व्यवस्था मिलाउने ।

६. आपतकालिन प्रयोजनकालागि स्वास्थ्य उपचार, खानेपानी, विद्युत, सञ्चार र यातायात साधन, लगायतका सेवाहरुको उपलव्धता सुनिश्चित गर्ने गराउने ।

७. अशक्त र अपाङ्गता भएका महिला बालबालिका वा वृद्ध वृद्धाहरुको संरक्षण तथा सुरक्षा र उद्दारमा प्राथमिकता दिने ।

८. आपतकालिन खाद्य सामग्री वा अन्य मानवीय सेवाको प्रवन्ध मिलाउन आवश्यक परेमा सो समेत समन्वय गरी मिलाउने ।

९. अवरुद्द सडक आसपासको क्षेत्रमा तनाव वा भडकाव बढन सक्ने विषयमा सचेत रहदै आवश्यकता अनुसार त्यस्तो क्षेत्र वा ईलाकालाई स्थानीय प्रशासन ऐन २०२८ वा अन्य प्रचलित कानुन अनुसार चार किल्ला निर्धारण गरी निश्चित समयकालागि प्रवेष निषेध गर्न रोक लगाउने वा अन्य आवश्यक कार्यहरु सुरक्षा निकायसँग समन्वय गरी गर्ने

१०. फिल्डमा सडक अवरोध हटाउन खटिएका सुरक्षा अधिकारीहरुलाई आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

११. अनुसूची १ बमोजिमका आवश्यक संभाव्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने ।

**ख) नेपाली सेनाः**

१. नेपाली सेना खट्टिने अवस्थाः परिस्थिति स्थानीय प्रशासनको नियन्त्रण भन्दा बाहिर गएमा प्रमुख जिल्ला अधिकारीले स्थानीय प्रशासन, २०२८ (संशोधन सहित) अनुसार नेपाली सेनाको सहयोगको लागि लिखित अनुरोध गर्न सक्नेछ ।

**ग) नेपाल प्रहरी**

२. स्थानीय प्रशासन तथा यातायात व्यवसायी लगायत अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने ।

३. अराजक गतिविधिमा संलग्न हुनेहरुलाई नियन्त्रणमा लिएर कानूनी कारवाही गर्ने ।

४. हुल हुज्जत भएमा अग्रपंक्तीमा रही कार्य गर्ने ।

५. कुनै कारवाही भए घटनाको कानूनी कागजात तयार गर्ने ।

६. समुदाय र सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने ।

७. स्थानीय कारवाहीबाट अवरुद्द सडक खुलाउन सम्भव नभएमा सो को आँकलन समयमा नै गरी मजकुर निकायहरु तथा सम्वन्धित निकायमा प्रतिवेदन गर्ने र प्राप्त आदेश अनुरुप परिचालित हुने ।

**घ) सशस्त्र प्रहरी बल नेपाल**

१. राजमार्गमा हुने बन्द, हड्ताल, चक्काजाम, यात्रु वाहक बसमा हुने आगजनी, तोडफोड, बम विष्फोटन, चोरी, डकैती, लुटपाट, ठगी, धम्की, अपहरण, चन्दा संकलन जस्ता घटनाका कारण अबरुद्ध सडकलाई सुरक्षा प्रदान गरी सडक सुचारु एवं उद्धार कार्य गर्न र सडक दुर्घटना तथा वाढी पहिरो जस्ता मानवजन्य र प्राकृतिक प्रकोपको अवस्थामा पिडितहरुलाई उद्धार तथा सडक ब्यवस्थापन गर्न राजमार्गमा नियमित रुपमा मोवाईल गस्ति टोली परिचालन गर्ने ।

२. राजमार्ग क्षेत्रमा सडक दुर्घटना, बाढीपहिरो आदिको कारण घाईते भएका तथा अलपत्रमा परेका यात्रुहरुलाई तत्काल आबश्यक उद्धार गर्न गण तथा सीमा सुरक्षा कार्यालयहरुमा आकस्मिक उद्धार मेडिकल टोली सहितको एक वटा एम्वुलेन्स तयारी हालतमा राख्ने साथै २४ सै घण्टा सिनियर अधिकृतको कमाण्डमा गण तथा सीमा सुरक्षा कार्यालयहरुले आबश्यक हातहतियार गोली गठ्ठा. र असभावका साधन तथा अन्य साधन श्रोतहरु सहित **IRT** (जुनियर अधिकृतको कमाण्डमा सेक्सन प्लस) टोली तत्काल परिचालन हुने गरी व्यबस्था गर्ने र प्राप्त सुचनाको आधारमा घटनास्थलमा तुरुन्त सुरक्षा टोली परिचालन गर्न सकिने गरी प्रत्येक युनिटहरुमा **QRT** टिम

(गण र सीमा सुरक्षा कार्यालय स्तर सम्म सिनियर अधिकृतको कमाण्डमा प्लाटुन र अन्यको हकमा जुनियर अधिकृतको कमाण्डमा सेक्सन प्लस )तयारी अबस्थामा राख्ने।

३. राजमार्ग सुरक्षा योजना अनुसार देशभरका राजमार्गहरुमा हुने अपराध एवं आपराधिक क्रियाकलाप नियन्त्रण गर्न सम्पूर्ण राजमार्ग तथा सहायक मार्गहरुमा आवश्यक सुरक्षाको लागि प्रत्येक २०/२० कि.मी.को दूरीलाई समेट्ने गरी ३० मिनेटमा घटनास्थल पुग्ने गरी आवश्यकतानुसार राजमार्ग सुरक्षा पोष्ट स्थापना गर्ने ।

४. राजमार्गमा बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपमा सशस्त्र प्रहरी बल नेपालको परिचालन सुरक्षा कार्य योजना

i. प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक दुर्घटना सम्बन्धी खबर प्राप्त गर्ने तथा तत्काल उद्धार कार्यमा परिचालन गर्न सक्ने टोली स्टेनवाई राख्ने ।

ii. स्थानीय प्रशासन, सडक विभाग, नगरपालिका तथा अस्पताल संग समन्वय गरी Heavy equipment (डोजर, क्रेन, स्काईभेटर), बारुणयन्त्र, एम्बुलेन्स आदिको व्यबस्था मिलाई प्राकृतिक प्रकोपका कारण राजमार्गमा आउने अबरोधलाई यथाशीघ्र हटाई आवागमनलाई नियमित एवं सुचारु गर्ने ।

iii. प्राकृतिक प्रकोपमा तत्काल परिचालन हुन सक्ने गरी २४ सै घण्टा मेडिकल लगायत सम्वन्धित तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारी लगायत आबश्यक उद्धारका सामाग्रीहरु सहितको सुरक्षा टोली बाहिनीहरु, गणहरु, सीमा सुरक्षा कार्यालयहरु र गुल्महरुले आबश्यकता अनुसारको संख्यामा टोली तयारी अबस्थामा राख्ने ।

iv. विपद व्यबस्थापनको लागि सशस्त्र प्रहरी बलका कार्यालयहरुमा पनि Focal Point Officer को रुपमा सिनियर अधिकृत तोकी जिम्मेवारी दिने ।

५. राजमार्गमा बन्द, हड्ताल, चक्काजाममा सशस्त्र प्रहरी बल नेपालको परिचालन सुरक्षा कार्य योजना

i. बन्द, हड्ताल बारेमा जानकारी लिन अग्रिम ईन्ट परिचालन गर्ने ।

ii. आफ्नो जिम्मेवारी क्षेत्र भित्रको राजमार्ग तथा सहायक मार्गको कुनै पनि स्थानमा बन्द, हड्ताल तथा चक्काजाम जस्ता घटना भएमा तत्काल सुरक्षात्मक कारवाही संचालन गरी आवागमनलाई सुचारु गर्ने ।

iii. नेपाल सरकारले सडक दुर्घटनामा परी घाइते तथा मृत्यु हुनेहरुलाई क्षतिपूर्ति वापत तेस्रो पक्षको विमाको व्यबस्था गरेको बारे स्थानीय निकायहरु संग आबश्यक समन्वय गरी जनचेतनाको लागि सचेतना मुलक कार्यक्रम संचालन गर्न सहयोगी भुमिका निर्वाह गर्ने ।

iv. स्थानीय प्रशासन तथा अन्य सुरक्षा निकायसँग समन्वय गरी बन्दको कारण बाटोमा अलपत्र परेका यात्रुहरुलाई सम्बन्धित स्थानमा पुऱ्याउन स्कर्टिङ्गको व्यवस्था मिलाई आफनो गन्तव्य सम्म पुर्‍याउने व्यवस्था मिलाउने ।

v. स्थानीय प्रशासन, अन्य सुरक्षा निकाय तथा सम्वन्धित अन्य पक्षहरुसंग समन्वय गरी बन्द, हड्ताल र चक्काजाममा **Road Opening and Convoy Protection** जस्ता सुरक्षात्मक कारवाही संचालन गर्ने ।

vi. स्थानीय प्रशासनसंग समन्वय गरी राजमार्ग क्षेत्रलाई बन्द, हड्ताल, चक्काजाम, धर्ना तथा जुलुस आदि गर्नबाट पूर्णतः रोक लगाई सार्वजनिक सेवा वा सडक अबरोधलाई नियन्त्रण गर्ने सम्बन्धी परिचालन कार्यविधी (SOP) लाई कडाईका साथ कार्यान्वयन गर्ने ।

vii. स्थानीय प्रशासन तथा अन्य सुरक्षा निकायहरुसँग समन्वय गरी राजमार्ग बन्दको समयमा आफनो जिम्मेवारी क्षेत्र भित्र राज्यले निर्दिष्ट गरेको VIP तथा VVIP लाई एस्कर्टको व्यवस्था मिलाउने ।

viii. राजमार्ग बन्दका कारण अत्यावश्यक बस्तु तथा सेवाहरुको ढुवानीमा अवरोध भएमा कारण ढुवानीलाई नियमित एवं सुनिश्चित गर्न आफ्नो जिम्मेवारी ईलाकामा एस्कर्ट तथा सुरक्षाको प्रत्याभुति दिलाउने ।

६. बन्द, हड्ताल, चक्काजाम लगायतको राजमार्ग अवरोध हुने जस्ता खबर प्राप्तीको लागि सशस्त्र प्रहरी बल नेपालको टोल फ्रि नम्वर तथा कार्यालयको फोन नम्वर सर्वसाधारणको पहुँचमा पुऱ्याउने ।

७. राजमार्गमा बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपमा सशस्त्र प्रहरी बल नेपालको परिचालन हुनको लागि सम्वन्धित युनिटले आदेशलाई नपर्खी रिपोटिङ्ग गरेर यथाशीघ्र परिचालन हुने र राजमार्ग अवरोध तथा सडक खुलाउन भए गरेका कार्यहरुको जानकारी समयमै घटनाको प्रकृतिहेरी Chain of Command मार्फत सम्वन्धित निकायहरुमा जानकारी गराउने ।

**ङ) राष्ट्रिय अनुसन्धान विभाग**

१. सडक अवरोध, अतिक्रमण, जोखिम एवं सडक अवस्थासंग सम्वन्धित सम्पूर्ण सूचनाहरु नियमित रुपमा संकलन गरी आवश्यकता अनुसार सम्वन्धित निकायहरुमा सम्प्रेषण गर्ने,

२. बाढी, पहिरो वा विपदजन्य अन्य कारणबाट हुने सडक यातायात अवरोध सम्वन्धी सूचनाहरु यथाशीघ्र संकलन गरी आवश्यकता अनुसार सम्वन्धित निकायहरुमा सम्प्रेषण गर्ने,

३. अवरोधको समयमा हुनसक्ने सम्भावित परिस्थिति, हुल, भीड, भेला, जमघट र सो समूहबाट हुनसक्ने थप अवाञ्छित गतिविधि एवं त्यस्ता कार्यमा संलग्न व्यक्ति वा समूहसँग अन्तरसम्वन्धित अन्य विभिन्न पक्षहरुको समेत विश्लेषण गरी सूचनाको आदानप्रदान गर्ने,

३. अवरोध गर्ने व्यक्ति वा समूहसंग अन्तरसम्वन्धित अन्य विभिन्न पक्षहरुको विश्लेषण गर्ने,

४. विपद उद्धार कार्यमा खटिने संघ संस्था तथा उद्धार कार्यमा प्रयोग हुने उपकरणहरुको निकायगत जानकारी लिई  विवरण तयारी अवस्थामा राख्ने,

५. अवरोध खुलाउने विषयमा स्थानीय प्रशासन, सुरक्षा संयन्त्र, स्थानीय तहका पदाधिकारी, राजनीतिक दल, सञ्चारकर्मी तथा उपयुक्त मध्यस्थकर्ताहरुसँग आवश्यकता अनुरुप समन्वय एवं परिचालन गर्ने ।

अनुसूची-१

## राजमार्गमा हुने अवरोध हटाउन/व्यवस्थापन गर्न आवश्यक सम्भाव्य औजार उपकरणहरु

| क्र.सं. | उपकरणको नाम | इकाई | आवश्यक संख्या | उपकरणको निकाय | सम्पर्क व्यक्तिको नाम थर | मोबाइल नं. | अवस्था (चालु मर्मत गर्नुपर्ने) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्काभेटर | | | | | | | |
| २ | एम्बुलेन्स | | | | | | | |
| ३ | लोडर | | | | | | | |
| ४ | रोलर | | | | | | | |
| ५ | मालबाहक ट्रक | | | | | | | |
| ६ | बेल्चा | | | | | | | |
| ७ | गैंटी | | | | | | | |
| ८ | दमकल | | | | | | | |
| ९ | डोरी | | | | | | | |
| १० | Wood cutter | | | | | | | |
| ११ | -याकर | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |